कायाकैरन
दैनिक समाचारपत्र
Kayakairan Daily Newspaper
चि.जि.प्र.का.द.नं.०६६/०६३/०६४
चि.जि.हु.का.द.नं.७/०६४/०
० वर्ष: ११ ० अंक: ८८ ० २०७३ साल पुस २९ गते शुक्रबार (Friday 13th Jan., 2017) (Website:www.khabarchitwan.com) ० मूल्य रु.३

## रत्ननगरले गर्‍यो ३० करोड बजेट प्रस्ताव

# सौराहालाई दोस्रो पर्यटकीय गन्तव्य बनाउने योजना

**ध्रुवराज खनाल/कायाकैरन**

रत्ननगर/चितवनको सौराहालाई देशकै दोस्रो पर्यटकीय गन्तव्य बनाउने योजनासहित आर्थिक वर्ष २०७४/०७५ का लागि रत्ननगर नगरपालिकाले बजेट नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । बिहीबार भएको नगरपालिकाको २१औं आर्थिक वर्षको निति,कार्यक्रम र बजेट सार्वजनिक गर्दै नगरपालिकाका कार्यकारी अधिकृत काशीराम गैरेले अबको १० वर्षमा सौराहालाई दोस्रो पर्यटकीय स्थानको रुपमा विकास गर्ने बताए । "पर्यटनको सम्भावना रत्ननगर क्षेत्रमा धेरै छन्", कार्यकारी अधिकृत गैरेले भने, "पर्यटन सम्बन्धि दीर्घकालिन योजना तर्जुमा गरेर नेपालमै दोस्रो गन्तव्य स्थानको रुपमा विकास गर्ने सोच नगरपालिकाको छ।" सौराहा अहिले नेपालको तेस्रो पर्यटकीय गन्तव्यको रुपमा रहेको छ। रत्ननगरले लामो समयदेखि व्यवसायिक कृषि तथा पर्यटकीय शहर, स्वच्छ सम्मृद्ध हाम्रो रत्ननगर भन्ने मुल नारानै लिएर अघि बढीरहेको छ । सौराहालाई दोस्रो गन्तव्य स्थल बनाउने लक्ष्य रहेको कार्यकारी अधिकृत गैरेले बताए । काठमाडौ, पोखरा, लुम्बिनी जस्ता पर्यटकीय केन्द्रहरुको बीचमा रहेको सौराहालाई यिनै केन्द्रहरुको पनि केन्द्रको रुपमा विकास गर्दै लैजाने योजना छ । पर्यटन सम्बन्धि गुरुयोजना तयार गरि सरोकारवालासँग समन्वय गरि कार्यान्वयनमा लैजाने कार्यकारी अधिकृत गैरेको भनाइ छ। पर्यटनकै विकासका लागी चालु आर्थिक वर्षदेखि नै पर्यटक सेवा शुल्क लागू गरिने जनाइएको छ । पर्यटन सेवा शुल्कबाट भएको आम्दानीको रकमलाई विशेष कोष बनाइ आम्दानीको ७० प्रतिशत रकम पर्यटन विकासमै खर्च गरिने र बाँकी ३० प्रतिशत यसै क्षेत्रका पीछडिएका समुदायको आर्थिक सामाजिक विकासमा खर्च गरिने कार्यकारी अधिकृत गैरेले बताए ।

(क्रमशः ३ पेजमा)

नगरपरिषदमा यो महत्वकांक्षी योजनासहित करिब ३० करोड बराबरको बजेट निति तथा कार्यक्रम सार्वजनिक गरिएको हो । आगामी

## जग्गादाताको शालिक अनावरण

रत्ननगर/रत्ननगर नगरपालिकाको कार्यालय स्थापनाका लागी जग्गादान गर्ने स्वर्गीय नाथुराम महतोको अर्धकद शालिकको अनावारण गरिएको छ । नगरपालिकाको २१ औं नगरपरिषदको अवसरमा कार्यक्रमका प्रमुख अतिथि साँसद शेषनाथ अधिकारीले महतोको अर्धकद शालिकको अनावरण गरे। स्वर्गिय महतोले नगरपालिकाका लागी ११ कठ्ठा १२ धुर जग्गा वि.सं. २०२२ सालमा सहयोग गरेका थिए । वि.सं. १९९१ सालमा जन्मिएका महतोको २०६५ साल फागुनमा निधन भएको थियो। महतोले नगरपालिकालाई जग्गादान गरेर अमूल्य योगदान दिएको भन्दै उनको उच्च सम्मान स्वरुप कार्यालय प्रवेशद्वार नजिक अर्धकद शालिक निर्माण गरिएको नगरपालिकाका लेखा अधिकृत सिताराम पोखरेलले जानकारी दिए। नगरपरिषदको अवसरमा नगरको विकासमा पत्रकारिता मार्फत पुर्‍याएको योगदानको मुल्यांकन गर्दै पत्रकारहरु राजेन्द्र आचार्य र विकास पौडेललाई नगदसहित कदर पत्रले सम्मान गरियो। त्यस्तै साहित्यकार तीलकराज शर्मा,

(क्रमशः ३ पेजमा)

चितवन पोष्ट
CHITWAN POST DAILY
दैनिक समाचारपत्र
वर्ष २० ● अङ्क १७२ ● पूर्णाङ्क ५५८८ ● २०७३ पुस २९ गते शुक्रबार ● (Jan. 13, 2017) (Website



# रत्ननगर नगरपालिकाको वार्षिक बजेट ३० करोड

## पर्यटन विकासका लागि ११ बुँदे कार्ययोजना

-होमनाथ सापकोटा

रत्ननगर । रत्ननगर नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ का लागि ३० करोड बजेट विनियोजन गरेको छ ।

नगरपालिकाको बिहीबार सम्पन्न २१ औं नगरपरिषद्मा आगामी आर्थिक वर्षका लागि कूल ३० करोड २१ लाख २१ हजार रुपैयाँ सार्वजनिक गरेको हो । २० औं नगरपरिषद्मार्फत चालु आर्थिक वर्षका लागि १८ करोड ६५ लाख रुपैयाँ विनियोजन गरेको सो नगरपालिकाले आगामी आर्थिक वर्षका लागि करिब साढे ११ करोड रुपैयाँ वृद्धि गरी ३० करोड २१ लाख २१ हजार रुपैयाँ सार्वजनिक गरेको नगरपालिकाका कार्यकारी अधिकृत काशिराम गैरेले जानकारी दिए ।

आगामी आर्थिक वर्षका लागि नगरपालिकाले विकास निर्माणतर्फ ५०.१७ प्रतिशत, सामाजिक सुरक्षा कार्यक्रमतर्फ ३९.३९ प्रतिशत, प्रशासनिक खर्चतर्फ ९.९१ प्रतिशत तथा लक्षित वर्ग विकास र निसर्त अनुदानतर्फ ३५ प्रतिशत रकम विनियोजन गरेको नगरपालिकाका कार्यकारी अधिकृत गैरेले जानकारी दिए ।

विकास निर्माणतर्फ १५ करोड १५ लाख ५५ हजार, सामाजिक सुरक्षा कार्यक्रमतर्फ ११ करोड ९० लाख १६ हजार, प्रशासनिक खर्चतर्फ दुई करोड ९९ लाख ५० हजार र लक्षित वर्ग कार्यक्रमको लागि एक करोड ६४ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

नगरपालिकाले विनियोजन गरेको रकम आन्तरिक तथा बाह्य स्रोतबाट जुटाउने लक्ष्य लिएको छ। आन्तरिक स्रोतबाट १४ प्रतिशत अर्थात ४ करोड २२ लाख ३५ हजार बाह्य स्रोतबाट २५ करोड ९८ लाख ८६ हजार जुटाउने लक्ष्य रहेको कार्यकारी अधिकृत गैरेले बताए । सामाजिक सुरक्षा भत्तातर्फ कुल बजेटकै ३९.३९ प्रतिशत अर्थात ११ करोड ९० लाख १६ हजार रुपैयाँ विनियोजन गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले कृषि र पर्यटन विकासलाई प्राथमिकता दिएर बजेट विनियोजन गरेको छ । त्यो

र मर्मत, सिँचाइ, शिक्षा र स्वास्थ्यलाई पनि उत्तिकै महत्व दिएको कार्यकारी अधिकृत गैरेले बताए । पर्यटन विकासको लागि नगरपालिकाले पर्यटकीय नगरी सौराहालाई लक्षित गरी ११ बुँदे कार्ययोजना बनाएको छ । कार्ययोजनामा पर्यटन विकासको लागि नगरपालिकाले पर्यटन गुरुयोजना तयार गरी लागू गर्ने, चालु आर्थिक वर्षबाटै पर्यटन शुल्क लागू गर्ने, पर्यटन शुल्कबाट प्राप्त भएको रकममध्ये ७० प्रतिशत पर्यटन विकासमै खर्च गर्ने र ३० प्रतिशत रकम पिछडिएका वर्गको



आर्थिक र सामाजिक विकासमा खर्च गर्ने योजना बनाएको छ ।

नीति तथा कार्यक्रमतर्फ नगरपालिकाले सडकलाई नमुना बनाउन नगरस्तरीय गुरुयोजना तयार गरी लागू गर्ने, पूर्वाधार निर्माणको कामलाई लागत साझेदारीलाई अनिवार्य गरी ५०/५० को नीति अबलम्बन गर्ने भएको छ ।

त्यसैगरी अव्यवस्थित प्लटिङ नियन्त्रणका लागि नगरपालिकाले नेपाल सरकारले जारी गरेको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मार्गदर्शन २०७२ लाई आधार मानेर उचित मापदण्ड तयार गरी कडाइका साथ लागू गर्ने नीति अख्तियार गरेको नगरपालिकाका लेखा अधिकृत सीताराम पोखरेलले बताए । रत्ननगरमा बसपार्क निर्माणको लागि

खोजी गरी प्रक्रिया अगाडि बढाउने, कृषि क्षेत्रको विकासको लागि पिठुवामा शीतभण्डार निर्माणको लागि प्रक्रिया अगाडि बढाउने भएको छ ।

नीति तथा कार्यक्रममा आगामी आर्थिक वर्षमा १० बर्षसम्म फोहोर व्यवस्थापनको लागि दुई वटा व्यवस्थित ल्याण्ड फिल्ड साइटको खोजी गर्ने, रत्ननगरमा चक्रपथ निर्माण सुरु गर्ने, शिक्षाको विकासको लागि विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्ने, सबै वडाहरूमा वडा कार्यालय निर्माण गरी सेवालाई प्रभावकारी बनाउने योजना रहेको

लेखा अधिकृत पोखरेलले बताए ।

कार्यक्रममा नगरपालिकाका योजना शाखा प्रमुख प्रकाशचन्द्र ढुंगानाले आगामी आर्थिक वर्षलाई नगरपालिकाले निर्माण वर्षको रूपमा अगाडि बढाएर नगरलाई समृद्ध बनाउने गरी बजेट विनियोजन गरेको बताए । सबै सडकलाई नमुना र नगरका चोक चोकलाई हरियाली बनाउने योजना रहेको उनले सुनाए। कार्यक्रममा स्थानीय विकास अधिकारी श्रवणकुमार पोखरेलले १४ प्रतिशत आन्तरिक स्रोत भएको नगरपालिकाले गतिलिन नसक्ने भन्दै आन्तरिक स्रोत बढाउन नगरपालिकालाई सुझाव दिए ।

चितवन क्षेत्र नं.२ का सांसद शेषनाथ अधिकारी प्रमुख अतिथि रहेको कार्यक्रममा उत्कृष्ट टोल विकास संस्थाको रूपमा पहिलो भएको शुभप्रभात टोल विकास

भएको कैलाश टोल विकास संस्थालाई नगद २० हजार र तेस्रो भएको बगैंचा टोल विकास संस्थालाई नगद १५ हजारसहित पुरस्कृत गरिएको थियो । त्यसैगरी वातावरणमैत्री वडा घोषणाको लागि महत्वपूर्ण भूमिका खेलेको भन्दै टोल विकास संस्था वडा समन्वय समिति वडा नं.८ का अध्यक्ष ज्ञानेन्द्रराज पाण्डे, पत्रकारहरू राजेन्द्र आचार्य, विकास पौडेल, लोक गायक मिलन लामा , साहित्यकार तिलकराज पौडेल, तेक्वान्दो खेलाडी पार्वती गुरुङ, कल्याण टोल विकास संस्थाका अध्यक्ष चन्द्रकान्त

ओझालगायत वातावरणमैत्री वडा घोषणा गर्न सहयोग गर्ने अन्य संघसंस्थालाई नगदसहित पुरस्कृत गरिएको थियो । नगरपालिकाले उत्कृष्ट कर दाता र कर्मचारीहरूलाई पनि पुरस्कृत गरेको छ । एकीकृत सम्पत्ति करतर्फ नगरपालिकाले किशोरदत्त मिश्र र व्यवसायिक करतर्फ अक्युट नेपाल प्रालिलाई पुरस्कृत गरेको हो ।

कार्यक्रममा नगरपालिकालाई कार्यालय भवन निर्माणको लागि जग्गा सहयोग गरेका नाथुराम महतोको अर्धकद सालिकको अनावरणसमेत गरिएको थियो । नगरपालिकाका कार्यकारी अधिकृत काशिराम गैरेको अध्यक्षतामा भएको कार्यक्रममा सांसद काशिनाथ अधिकारीसहित विभिन्न संघसंस्थाका प्रतिनिधि तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले मन्तव्य